# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः** ३४

**मितिः** २०८१।०२।१७

## छलफल तथा निर्णय

**निर्णय १**

आज मिति २०८१।०२।१७ गते बसेको यस समितिको बैठकले तपसिल बमोजिमका विषयहरु सुदूरपश्चिम प्रदेश सरकारको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

१. द्वारिका देवी ठकुरानी महिला उत्थान कार्यक्रम अन्तरगत विशेष कार्यक्रम ल्याउनुपर्ने।
२. महिला विशेषज्ञ सेवाको व्यवस्था गर्न महिलाहरुलाइ सुदूरपश्चिम प्रदेश सरकारबाट छात्रवृत्तिमा MBBS अध्ययन गर्न महिलाहरुलाइ विशेष प्राथमिकता दिनुपर्ने साथै सरल कार्यविधि र मापदण्ड बनाइ लागु गर्नुपर्ने।
३. सेफहाउस र अनाथालयमा हुने गरेका घटना न्यूनीकरण गर्न प्रदेशभर रहेका सेफहाउस र अनाथालयको लगत संकलन गरी सरकारबाट नियमन र व्यवस्थापन गरिनुपर्ने।
४. घरपरिवार र समुदायमा अपहेलित भएका महिलाहरुका लागि अनिवार्य रुपमा गाँस, बास र कपासको उपलब्धता हुनेगरी कार्यक्रम ल्याउनुपर्ने।